**आदरणीय सभा अध्यक्षज्यू,**
**नगर सभा सदस्यज्यूहरु,**

1. यस गरिमामय नगर सभामा मिथिला नगरपालिकाको उपप्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।
2. यस अवसरमा म नेपालको ऐतिहाँसिक अग्रगमनकारी सबै राजनैतिक परिवर्तनका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।
3. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो स्थानीय तह निर्वाचनबाट हामीले यस नगरपालिकाको जिम्मेवारी ग्रहण गरेको दुई वर्ष व्यतित भईसकेको छ । यस दुई वर्षमा नगरबासी जनताप्रति पूर्ण उत्तरदायी बनेर हामीले कार्य गरेका छौं र सबै नगरबासीको न्यानो माया एवं सहयोग प्राप्त भईरहनेछ भन्ने विश्वास लिएको छु ।
4. स्थानीय युवा जनशक्तिलाई पालिकाभित्रै रोजगारी सिर्जना गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने प्रकृतिका उच्च प्रतिफल दिने, स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको प्रवर्द्धन गर्दै महिला, सीमान्तकृत एवं विपन्न समुदायलाई सीप तथा उद्यमशिलता विकासद्वारा उत्पादनमुखी उद्योगमा आधारित आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिइएको छ ।
5. नेपालको संविधान (२०७२), चालु योजना, दिगो विकास लक्ष्य, सङ्घीय एवं प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई यो बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु । राजनीतिक दल, स्थानीय प्रबुद्ध वर्ग,उद्यमी व्यवसायी, राजनीतिक दल एवं सामाजिक संघ संस्थाबाट प्राप्त सुझाव समेतलाई आधार मानेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म पालिकाको विद्यमान आर्थिक अवस्था एवं चालु आ.व. २०८०/०८१ को बजेट कार्यान्वयनको संक्षिप्तमा समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

6. चालु आर्थिक बर्षको शुरु महिनाको केही समय बजेट कार्यान्वयन प्रभाबकारी हुन सकेन, तेह्रौ नगर सभाबाट बजेटको संशोधन र परिमार्जन पश्चात बजेटको परिचालन केही गति लिन पुग्यो, जसले गर्दा आज सम्म कूल बजेट रु ७८ करोड ७० लाख ५८ हजार ७ सय २७ मध्ये हाल सम्म ३८

दशमलब २१  प्रतिशत खर्च भएको छ , जसममा चालु  ६१ दशमलब ८८ प्रतिशत र पूँजींगतमा ९ दशमलब १७ प्रतिशत खर्च भएको छ ।

7. संघीय सरकारले समानीकरण तर्फको बजेटको २५.८९ प्रतिशत कट्टा गरेकोले समानीकरण अनुदान, प्रदेश सरकार अनुदान, राजस्व बाँडफाँड र आन्तरिक आय र गत बर्षको मौज्दात समेत गरी जम्मा  ५७ करोड ६६ लाख २८ हजार ५ सय २८ मात्र हाल सम्म प्राप्त भएको छ ।
8. प्रमुख प्रशासकीय अधिकृतको लगातार सरुवा हुन गई स्थानीय राजस्व वाँडफाँड अन्तर्गत प्राप्त गर्नु पर्ने दहतर बहत्तरको रकम यथेष्ट प्रयत्न गर्दा गर्दै पनि ठेक्का प्रक्रिया अगाडि बढाउन नसकिएकाले साढे तीन करोड जति राजस्व संकलन गर्न सकिएन ।
9. आन्तरिक आयको प्रक्षेपणले लक्ष्य प्राप्त गरी सकेको छ, जुन लक्ष्य भन्दा ५ प्रतिशत बढी प्राप्त भई १ करोड ६६ लाख ६१ हजार ३ सय १० रुपैया संकलन भएको छ ।

**सभाध्यक्ष महोदय,**

म अब नगरपालिकाको स्थानीय अर्थतन्त्र र बजेट प्रणालीमा देखिएका प्रमुख चुनौती एवं अवसरहरुको संक्षिप्तमा प्रस्तुत गर्न चाहन्छु ।

10. राजनीतिक मतभेद र सूचना अबरोधका कारण बजेटलाई समयमा नै परिचालन गर्न सकिएन । जसबाट पूँजीगत खर्चको लक्ष्य अनुसार विकास निर्माणका कार्यहरु नगरको अथक प्रयास हुदा हुदै पनि हुन सकेन। आन्तरिक आयको नयाँ नयाँ स्रोतहरु खोजी गरी थप आन्तरिक आयको बृद्धिलाई नगरको क्षमता अनुसार भगिरथ प्रयत्न गर्दा गर्दै पनि कार्यान्वय गर्न सकिएन ।
11. कर्मचारीको क्षमता विकास र उचित व्यवस्थापनको कमिले व्यवस्थापन गर्दा गर्दै पनि कार्य प्रक्रियामा केही कमी आउन पुग्यो, आगामी दिनमा यसको उचित व्यवस्थापन गर्ने अपेक्षा लिएको छु ।
12. साधारण खर्च निरन्तर रुपमा वृद्धि हुँदै गएपनि पूँजीगत खर्च अपेक्षित गतिमा बढ्न सकेको छैन । यसमा प्रमुख प्रशासकीय अधिकृतको निरन्तर सरुवा, राजनीतिक दल बीचको अविश्बासलाई समयमा नै चिर्न नसकिएको कारण हो जस्तो लाग्छ ।

13. उच्च प्रतिफलयुक्त, पालिकाको विकासमा दूरगामी प्रभाव पार्न सक्ने, प्राथमिकतापूर्ण आयोजनाहरु पहिचान गरी **"आयोजना बैंक"** तर्जुमा गरी विनियोजन कुशलता कायम गर्दै सार्वजनिक खर्चको गुणस्तर सुनिश्चित गर्नुपर्ने चुनौती हामीसँग छदैछ,

**14.** उल्लेखित चुनौतीको बावजुद हामीले लिएका प्रयासहरुले स्थानीय अर्थतन्त्रमा केही आशाको सञ्चार गर्ने अपेक्षा गरेको छौं ।

**सभा अध्यक्षज्यू**

**आ**र्थिक वर्ष २०८१/८२ को बजेटलाई मैले निम्न उद्देश्यहरु परिपूर्ति तर्फ केन्द्रित गरेको छु ।

क) पालिका अर्थतन्त्रलाई चलायमान बनाई उच्च एवं समावेशी आर्थिक वृद्धि हासिल गर्ने,

ख) शिक्षा, स्वास्थ्य, खानेपानी, जस्ता सेवालाई सर्वसुलभ एवं गुणस्तरीय तुल्याउने,

ग) उत्पादनशील गतिविधि एवं उद्यमशीलता अभिवृद्धि गर्दै स्थानीय स्तरमा रोजगारी बढाउने ।

घ) सन्तुलित एवं समावेशी पूर्वाधार विकासलाई तीव्रता दिने,

**बजेटका प्राथमिकताहरु निम्नानुसार उल्लेख गरेको छु ।**

अ) शिक्षा एवं स्वास्थ्य,

आ) सरसफाई, व्यवस्थापन, एवं वातावरण संरक्षण

इ) पर्यटन एवं कृषि

ई) गुणस्तरीय भौतिक पूर्वाधार

उ) गुणस्तरीय सेवा प्रवाह एवं सुशासन

**आदरणीय सभा अध्यक्ष महोदय,**

अब म सभाध्यक्षज्यूबाट सभा समक्ष राखिएको नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागी बजेट विनियोजन तथा श्रोत व्यवस्थापन अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

15. आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि कुल खर्च रु. ८० करोड ५७ लाख ७५ हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ रु ६०.०० प्रतिशत पूँजीगत तर्फ ४०.०० प्रतिशत र वित्तीय व्यवस्था तर्फ कुनै दायित्व नरहेको व्यहोरा अवगत गराउँछु ।

16. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोतहरुमध्ये आन्तरिक राजश्वबाट रु. ४ करोड १३ लाख, नेपाल सरकारको वित्तीय समानीकरण हस्तान्तरणबाट रु. १३ करोड ३३ लाख,

सङ्घीय राजश्व बाँडफाँडबाट १२ करोड ८४ लाख , नेपाल सरकारको शसर्तबाट रु. २६ करोड ६७ लाख ९८ हजार , समपूरक अनुदान रु. ६५ लाख, विशेष अनुदान रु. ० , संघीय सरकारको रोयल्टीबाट रु. १४ हजार ३ सय ४५, मालपोत रजिष्ट्रेशनबाट रु. २ करोड प्रदेश वित्तीय समानीकरण रु. ९९ लाख ३५ हजार, प्रदेश राजश्व बाँडफाँड रु. ५० लाख, समपूरक अनुदान रु. २० लाख, विशेष अनुदान रु. ३० लाख, प्रदेश शसर्त रु. ९५ लाख समेत गरी रु. ६२ करोड ५७ लाख ४७ हजार ३ सय ४५ रुपैयाँ श्रोत एकीन भई बाँकी रु. १७ करोड ९९ लाख ६० हजार १ सय ५५ रुपैयाँ खुद घाटा रहेको छ । उक्त घाटा बजेटलाई गत आ.व.को अ.ल्या.रकम, स्थानीय श्रोत/साधन परिचालन प्रशासनिक खर्चबाट बचत, ठेक्काबाट हुने बचत रकमबाट व्यहोरिने जानकारी गराउँदछु ।

17. नगरपालिकाले योजना तथा कार्यक्रमहरुको कार्यान्वयन प्रकृया अगाडि बढाउँदा त्रैमासिक रुपमा प्राथमिकीकरण गरी तयार गरिएको खरिद योजना र विभिन्न श्रोतहरुबाट प्राप्त भएको बजेटको परिधिमा रही संचालन गर्ने नीति अवलम्बन गरिने छ ।

**सभा अध्यक्षज्यू**

आगामी आर्थिक वर्ष २०८१।०८२ को राजश्व सम्बन्धी नीति तथा कार्यक्रम निम्नानुसार प्रस्तुत गरेको छु ।

18. स्थानीय कर प्रणालीलाई उत्पादन अभिवृद्धि र सामाजिक न्याय प्रवर्द्धन गर्ने तर्फ उन्मुख गरिएको छ । आन्तरिक राजश्वलाई पालिकाको भरपर्दो एवं दिगो वित्तीय स्रोतको रुपमा स्थापित गर्न विभिन्न आम्दानीका श्रोतहरुको पहिचान गर्ने कार्यलाई राजश्व नीतिको प्रमुख उद्देश्यको रुपमा लिएको छु ।

माथि उल्लेखित उद्देश्य हासिल गर्न देहाय अनुसार राजश्व नीति अवलम्बन गरिनेछ ।

क) पालिकाभित्र संचालनमा रहेका व्यवसायहरुलाई करको दायरामा ल्याउनका लागि विभिन्न खालका अभिमुखीकरण र जनचेतनामूलक कार्यक्रमहरु गरिने छ ।

ख) पालिकाभित्र रहेका खोला, नदीहरुमा भएका दोहनलाई नियन्त्रणमा ल्याउनका लागि आवश्यक नीतिको अवलम्बन गरिने छ ।

ग) पालिकामा उत्पादन भएका सामानहरु पालिका क्षेत्र बाहिर निकासी हुँदा उचित कर असुल गर्ने कार्यको थालनी गरिने छ ।

घ) राजश्व प्रणालीलाई प्रविधि मैत्री, करदाता मैत्री बनाई कर सहभागीता लागत घटाई कर परिपालना अभिवृद्धि गरिनेछ ।

**सभा अध्यक्ष महोदय,**

19. आर्थिक वर्ष २०८०/८१ को संशोधित अनुमान र आर्थिक वर्ष २०८१/८२ को शीर्षकगत र स्रोत सहितको व्यय अनुमान विवरण अनुसूचीहरुमा उल्लेख गरेको छु ।

20. बजेटमा प्रस्तावित वित्तीय तथा राजश्व सुधारका नीतिबाट आन्तरिक राजश्वको करको दायरा फराकिलो हुने, प्रशासनिक खर्चमा मितव्ययिता कायम भई पूँजीगत खर्चको गुणस्तर एवं प्रभावकारिता बढ्ने अपेक्षा राखेको छु ।

21. बजेट तर्जुमाको क्रममा महत्वपूर्ण सुझाव सल्लाह प्रदान गर्नुहुने कार्यपालिका एवं पालिकासभाका सम्पूर्ण सदस्यज्यूहरु, राजनीतिक दल  प्रबुद्ध नागरिक समाज, विज्ञ व्यक्तित्वहरु, राजनैतिक दलका प्रतिनिधिहरु एवं गाउँपालिका कर्मचारी मित्रहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस बजेटको कार्यान्वयनमा सबै पक्षबाट यथेष्ट सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

**धन्यवाद ।**

**सुनिता सिंह बुढाथोकी**
**उपप्रमुख**

**मितिः २०८१ असार १० गते सोमबार**